**आकाशवाणी समाचार- नेपाली**

मितिः १४ नोभेम्बर २०२४

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

**१.** प्रधानमन्त्री नरेन्द्र मोदी शनिबार देखि नाइजेरिया, ब्राजिल र गुयानाको ६ दिवशीय भ्रमणमा रहनुहुनेछ।

**२.** प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि बिरसा मुण्डाको १५० औं जन्मजयन्तीको अवसरमा स्मारक सिक्का र डाक टिकटको अनावरण गर्नुहुनेछ।

**३.** विदेशमन्त्री एस जयशंकरले भारत र फिलिपिन्सबीचको सम्बन्ध लोकतान्त्रिक मूल्य, बहुलवादी मान्याता र आर्थिक समानतामा आधारित रहेको बताउनु भएको छ ।

**४.** भारत अन्तर्राष्ट्रिय व्यापार मेलाको ४३ औ संस्करण आज नयाँ दिल्लीको भारत मण्डपममा शुरु हुदैछ ।

**५.** सेन्चुरियनमा खेलिएको तेस्रो टी–२० अन्तर्राष्ट्रिय क्रिकेट म्याचमा भारतले दक्षिण अफ्रिकालाई ११ रनले पराजित गरेको छ।

**प्रधानमंत्री नरेन्द्र मोदी -तीन देश भ्रमण-बिक्रम मिश्री**

प्रधानमन्त्री नरेन्द्र मोदी शनिबार देखि नाइजेरिया, ब्राजिल र गुयानाको ६ दिवशीय यात्रामा रहनुहुनेछ। भारतीय विदेश सचिव विक्रम मिश्री अनुसार,प्रधानमन्त्री नरेन्द्र मोदी जी–२० को १९औँ शिखर सम्मेलनमा भाग लिन आउदो १८ र १९ नोभेम्बर ब्राजिल जानुहुनेछ । प्रधानमन्त्रीको यो तेस्रो औपचारिक भ्रमण हो। मिश्री अनुसार, प्रधानमन्त्री मोदीले सन् २०१४ मा ब्राजिल र सन् २०१९ मा ब्रिक्स शिखर सम्मेलनका लागि ब्राजिलको भ्रमण गर्नुभएको थियो । उहाँले यो विशेष जी–२० शिखर सम्मेलन पनि विशेष शिखर सम्मेलन हुने र अफ्रिकी युनियनले जी–२० समूहमा सदस्यका रुपमा आफ्नो स्थान लिने यो पहिलो पटक हुने बताउनु भएको छ ।

****** ० ******

**प्रधानमंत्री नरेंद्र मोदी - बिहार**

प्रधानमन्त्री नरेन्द्र मोदी जनजातीय गौरव दिवसको अवसरमा आयोजित समारोहमा भाग लिन भोलि बिहारको जमुई जानुहुनेछ । यस कार्यक्रमसँगै भगवान बिरसा मुण्डाको १५० औं जन्मजयन्ती समारोह शुरु हुनेछ। श्री मोदीले भगवान बिरसा मुण्डाको सम्मानमा स्मारक सिक्का र डाक टिकटको अनावरण गर्नुहुनेछ। यस अवसरमा प्रधानमन्त्री श्री मोदीले आदिवासी समुदायको उत्थान र यस क्षेत्रका ग्रामीण तथा दुर्गम क्षेत्रमा पूर्वाधार सुधारका लागि ६ हजार ६ सय ४० करोड रुपियाँ भन्दा अधिक लागतको विभिन्न विकास परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नुहुनेछ।

****** ० ******

**विदेश मंत्री डॉ. एस जयशंकर भारत -फिलीपींस**

विदेशमन्त्री एस जयशंकरले भारत र फिलिपिन्सबीचको सम्बन्ध लोकतान्त्रिक मूल्य, बहुलवादी लोकाचार र आर्थिक समानतामा आधारित रहेको बताउनु भएको छ । भारत–फिलिपिन्स राजनयिक सम्बन्धको ७५ औँ वर्षगाँठको अवसरमा नयाँ दिल्लीमा आयोजित समारोहलाई सम्बोधन गर्नुहुदै श्री जयशंकरले दुवै देश अन्तर्राष्ट्रिय कानून, मूल्य र मान्यतालाई कायम राख्न प्रतिबद्ध रहेको बताउनु भएको छ । उहाँले भारतको एक्ट इस्ट नीतिले दुई देशबीचको सम्बन्धलाई थप प्रगाड बनाएको बताउनु भएको छ ।

****** ० ******

**आज विश्व मधुमेह दिवस**

आज विश्व मधुमेह दिवस मनाइँदैछ। मधुमेह एक सार्वजनिक स्वास्थ्य चुनौती हो जसले विश्वभरिका लाखौं मानिसहरूलाई प्रभावित गरिरहेको छ। प्रत्येक वर्ष १४ नोभेम्बरको दिन विश्व मधुमेह दिवस मनाइने गरिन्छ, जसले यस रोगको रोकथाम, प्रारम्भिक

निदान, प्रभावकारी व्यवस्थापन र हेरचाहमा न्यायोचित पहुँचमा व्यापक कार्यको तत्काल आवश्यकतालाई उजागर गर्दछ। यस वर्षको विश्व मधुमेह दिवसको मूल नारा 'अवरोधलाई तोड्नु र अन्तराललाई कम गर्नु ' रहेको छ।

****** ० ******

## सूचना तथा प्रसारण मन्त्रालय- सञ्जय जाजु

सूचना तथा प्रसारण मन्त्रालयका सचिव सञ्जय जाजुले प्रतिभालाई प्रोत्साहन गर्न र गेमिङ, एनिमेसन र मनोरन्जन क्षेत्रका व्यक्तिहरूलाई सहयोग गर्न सरकार प्रतिबद्ध रहेको बताउनु भएको छ । सरकारले इन्डियन इन्स्टिच्युट अफ क्रिएटिभ टेक्नोलोजीजलाई यस दिशामा उत्कृष्टताको राष्ट्रिय केन्द्रको रूपमा स्थापित गरेको छ। भारत खेल विकास सम्मेलनको उद्घाटनको दिन हैदराबादमा आयोजित पत्रकार सम्मेलनमा श्री जाजुले संस्थानले सार्वजनिक-निजी साझेदारी मोडेलमा काम गर्ने बताउनु भएको छ , जसमा फिक्की र सी.आई.आई.को ५२ प्रतिशत र भारत सरकारको ४८ प्रतिशत सेयर रहेको छ।

****** ० ******

## भारत अंतर्राष्ट्रीय व्यापार

भारत अन्तर्राष्ट्रिय व्यापार मेलाको ४३ औ संस्करण आज नयाँ दिल्लीको भारत मण्डपममा शुरु हुदैछ । यस वर्षको मेलाको मुख्य बिषय '२०४७ मा विकसित भारत' रहेको छ। यस वर्ष केन्द्रित राज्य झारखण्ड रहेको छ भने बिहार र उत्तर प्रदेश साझेदार राज्य हरू छन्।

****** ० ******

## सर्वोच्च न्यायालय -न्यायाधीश न्यायमूर्ति सूर्यकांत

सर्वोच्च न्यायालयका न्यायाधीश सूर्यकान्त लाई सर्वोच्च न्यायालय कानूनी सेवा समिति, एस.सी.एल.एस.सी.को अध्यक्ष मनोनीत गरिएको छ। भारतका मुख्य न्यायाधीश सञ्जीव खन्नाले न्यायाधीश सूर्यकान्तलाई उक्त पदमा मनोनीत गर्नुभएको छ । यो पद यस अघि न्यायाधीश बीआर गवईले सम्हालेका थिए, जसलाई हालै राष्ट्रिय कानुनी सेवा प्राधिकरणको कार्यकारी अध्यक्षको रूपमा मनोनीत गरिएको छ।

****** ० ******

## ब्रिटेन लेखिका सामंथा हार्वे बुकर पुरस्कार

ब्रिटेन की लेखिका सामन्था हार्वेले बर्ष २०२४ को बुकर पुरस्कार जितेकी छन्। उहाँलाई अन्तरिक्षमा आधारिक पहिलो उपन्यास'अर्बिटल'का लागि यो पुरस्कार प्रदान गरिएको हो । 'अर्बिटल अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशनमा अन्तरिक्ष यात्रीहरूको एक चालक दलको कथा हो जसले संसारलाई फरक दृष्टिकोणबाट चित्रण गर्दछ।

****** ० ******

## नेपाल- राष्ट्रपति रामचन्द्र पौडेल-जलवायु परिवर्तन

नेपालका राष्ट्रपति रामचन्द्र पौडेलले संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुर्टेर्सलाई जलवायु परिवर्तनको प्रतिकूल प्रभावबारे विकसित देशहरुलाई सचेत गराउन आग्रह गर्नुभएको छ। अविकसित देशहरुका राष्ट्राध्यक्ष तथा सरकार प्रमुखहरुसँग बकुमा आयोजित कोप–२९ सम्मेलनमा संयुक्त राष्ट्रसङ्घका महासचिवले गर्नुभएको समूहगत बैठकमा राष्ट्रपति श्री पौडेलले यो आग्रह गर्नुभएको हो। राष्ट्रपति श्री पौडेलले नेपाल जस्तो देश जलवायु परिवर्तनको कारण नभएकाले यसको प्रभावसँग जुध्न प्राप्त हुने रकम ऋणको रुपमा नभई अनुदानका रुपमा उपलब्ध गराउनुपर्ने कुरामा जोड दिनुभएको छ ।

****** ० ******

## संयुक्त राष्ट्र महासचिव एंटोनियो गुटेरस - कश्मीर

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुर्टेर्सले मेक्सिकोका मेजर जनरल रेमन गार्डाडो सान्चेजलाई काश्मिरमा संयुक्त राष्ट्रसंघीय पर्यवेक्षक संगठनको प्रमुखमा नियुक्त गरेका छन्।

****** ० ******